आज मिति २०७५ साल असोज ७ गते आइतवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक व्यास नगरापलिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | **अनुपस्थित** |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमवहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद वांस्तोला | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मूल | उपस्थित |

**निर्णय नं.१.** शहरी शासकीय क्षमता तथा पूर्वाधार सुधार परियोजना अर्न्तगत World Bank को सहयोगमा व्यास नगरपालिकाको पूर्वाधार सुधारका लागि यस नगरपालिकालाई छनौट गरी अध्ययनको प्रक्रिया सुरु भएको तथा SEW-I र SEW-II मार्फत व्यास नगरपालिकाको योजनाहरु छनौट हुंदाका बखतमा सडकतर्फ पहिलो प्राथमिकतामा पराशर मार्ग र दोस्रो प्राथमिकतामा सिन्धु मार्ग रहेकोमा दोस्रो प्राथमिकतामा रहेको सिन्धु मार्गलाई जिल्ला स्थित SNRTP द्वारा निर्माण कार्य भैरहेको हुंदा उक्त मार्गको सट्टा व्यास नगरपालिका वडा नं.५ र ६ हुदै पोखरा महानगरपालिका कास्की जोड्ने माहेन्द्री मार्गलाई दोस्रो प्राथमिकतामा राखी अध्ययन कार्य अगाडि बढाउनको लागि शहरी शासकीय क्षमता तथा पूर्वाधार सुधार परियोजना बबरमहल, काठमाण्डौमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** यस व्यास नगरपालिका वडा नं.१० स्थित छाडा तथा वृद्ध पशु व्यवस्थापनमा थप गर्नुपर्ने देखिएकाले तारजाली तथा भवन निर्माण (टहरो निर्माण) (२५x४०) गर्न प्राविधिक लागत इष्टिमेट अनुसार रु.३,७८,६४०। (अक्षेरुपी तिन लाख अठहत्तर हजार छ सय चालिस रुपैयां) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** व्यास नगरपालिका वडा नं.१३ मा कार्यरत गरिबसंग विशेश्वर कार्यक्रम तर्फकी सामाजिक परिचालक शर्मिला थापाको तलव वृद्धि गरिपाउँ भन्ने निवेदन बैठकमा छलफल गरियो । नगरपालिकाद्वारा करार सेवामा राखिएका

सामाजिक परिचालकहरुको मासिक रु.१५०००। (अक्षेरुपी पन्ध्र हजार रुपैयां) पारिश्रमिक तोकिएको र संगसंगै काम गर्ने शर्मिला थापाको रु.१३,०००। (अक्षेरुपी तेह्र हजार रुपैयां) हुदां समानता र न्यायपूर्ण नदेखिएकाले निजको माग अनुसार रु.१३,०००। गरिबसंग विश्वेश्वर कार्यक्रमबाट प्राप्त हुने र थप गरिएको रु.२०००। (अक्षेरुपी दुई हजार रुपैयां) नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरि रु.१५,०००। (अक्षेरुपी पन्ध्र हजार रुपैयां) मासिक पारिश्रमिक दिने निर्णय गरियो ।

**<u>निर्णय नं.४:</u>** यस व्यास न.पा.को क्षेत्र मादी र सेती नदीबाट नदीजन्य वस्तु ढुंगा, गिटी, वालुवा चोरी निकासी गर्ने ट्याक्टरहरुलाई पहिलो पटक रु.८०००। (अक्षेरुपी आठ हजार रुपैयां) जरिवाना लिने र दोस्रो पटक रु.१२,०००। (अक्षेरुपी बाह्र हजार रुपैयां) त्यसपछि प्रतिपटक २,०००। दुई हजार थप गर्दै सामान समेत जफत गर्ने निर्णय गरिन्छ ।

**<u>निर्णय नं.५:</u>** व्यास न.पा.द्वारा बोलपत्र आव्हान गरी वडा नं.२ र ३ मा घर नम्बर टाँस्ने कार्यका लागि ठेकेदार कम्पनी अटो कार्टोले समय थप गरी पाउँ भनी दिनु भएको निवेदन उपर छलफल गर्दा म्याद समाप्त भएको मितिले बढिमा २ महिना म्याद थप गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.६:</u>** व्यास नगरपालिका अन्तर्गत विभिन्न वडाहरुको लागि आवश्यक ए.वि.सि केवुल खरिद गर्ने सम्बन्धमा न.पा. कार्यालयको विभागीय लागत अनुमानमा सबै भन्दा बढी प्रतिशत अंक घटी शिलबन्दी दरभाउ पत्र दर्ता गराउने श्री पोखरा थर्मोटेक प्रा.लि. पोखरा ९, कास्कीले दर्ता गराएको (मु.अ.क. वाहेक) रु.१७,५०,०००। (अक्षेरुपी सत्र लाख पचास हजार रुपैयाँ) भन्दा ३२.३२ प्रतिशत घटी अर्थात मु.अ.क. वाहेक रु.११,८४,४००। (अक्षेरुपी एघार लाख चौरासी हजार चार सय रुपैयाँ) रकमको दरभाउ पत्र स्वीकृत गर्न मूल्यांकन समितिबाट सिफारिस भएकोले सो लाई स्वीकृत गरी खरिद कार्य अगाडि बढाउने निर्णय गरिन्छ ।

**<u>निर्णय नं.७:</u>** व्यास नगरपालिकाद्वारा लागत सहभागितामा संचालन गर्ने योजनाहरु घटीमा १० लाख सम्मका योजनाहरु छनौट गरी वडा वोर्ड बैठकद्वारा अनुमोदन गराई २०७५ कार्तिक मसान्त भित्र नगरपालिका कार्यालयमा पठाउन वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.८:</u>** व्यास न.पा.द्वारा आ.व. २०७५/०७६ मा संचालन हुने योजनाका उपभोक्ता समितिहरुलाई यही २०७५ आश्विन २५ भित्र योजना शाखाबाट तालिम दिने निर्णय गरियो ।

**<u>निर्णय नं.९:</u>** हिन्दुहरुको महान् चाड विजया दशमीको अवसरमा दमौलीमा दशै बजार मेला संचालन २०७५ आश्विन १५ देखि कार्तिक मसान्तसम्म गर्ने र सोको लागि स्थान अनसन चौतारी नजिकैको पराशर पार्कलाई तोक्ने निर्णय गरियो । साथै उक्त दशै बजार मेलामा कृषिउपज, पशुपन्छी र खाद्यान्नका स्टल राखी शुलभ मुल्यमा बिक्री वितरणको व्यवस्था मिलाउने निर्णय गरियो । साथै व्यास पराशर पार्कमा स्थानीयको सहयोग समेतमा १ लिङ्गे पिङ र १ रोहांटे पिङ बनाउने निर्णय गरिन्छ ।

**<u>निर्णय नं.१०:</u>** व्यास नगरपालिकाद्वारा लगाउने ढुंगा, गिटी र वालुवाको टेण्डर प्रकृया अगाडि बढाइएको र सो ठेक्का कवोल गर्ने ठेकेदारले माल सामान नदीबाट झिकी स्टक राख्दा ठेकेदारले खोजेको जग्गा वडाको अनुमतिमा न.पा. कार्यालयले तोकेको स्थानमा नियमानुसार भाडा तिरी (डम्पिङ्ग) स्टक गर्न दिने निर्णय गरियो ।

**<u>निर्णय नं.११:</u>** व्यास न.पा. भित्र मेला महोत्सव संचालन गर्ने सम्बन्धमा तनहुँ उद्योग वाणिज्य संघ र आदिवासी जनजाती महासंघ सँगसँगै बसी छलफल गरी भरसक एउटै वर्षमा एक मात्र गर्ने निष्कर्षमा पुर्‍याउन नगर प्रमुखज्यूको संयोजकत्वमा उप-प्रमुख, बजार क्षेत्रका (वडा नं.१, २, ३, ४ र ५) वडाध्यक्षहरु समेत रहेको समितिलाई जिम्मा दिने निर्णय गरिन्छ ।

**<u>निर्णय नं.१२:</u>** नजिकै आएको वडादशै तथा तिहार पर्वमा ग्रामिण वडाहरुमा बाटो सरसफाई गरी यातायात सुचारु राख्न रु.५०,०००। (अक्षेरुपी पचास हजार रुपैयाँ) सम्म खर्च गरी बाटो सरसफाई कार्य गर्ने निर्णय गरिन्छ ।

**<u>निर्णय नं १३:</u>** व्यास नगरपालिकाको बहुउद्देश्यीय भवनका सटर कवलहरु भाडा लगाउने सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो ।

(क) सटर नं १०५ मा कबोल गर्ने विरेन्द्र गिरीलाई १ हप्ताको सूचना दिई सम्झौता गर्न आउनु भनिएकोमा आउन नसक्ने भनी लिखित निवेदन दिएको र दोस्रो कवोल गर्ने व्यक्तिले नबस्ने भनी जानकारी दिएकाले बहुउद्देश्यीय भवन निर्माण गर्ने समयमा साविक भाडामा बस्नेहरुलाई प्राथमिकता दिने भनी तत्कालीन समयमा सर्वदलीय सहमति

समेत भएको हुँदा तेस्रो नम्बरमा कवोल गरेको रकम रु.५२,०००। (अक्षेरुपी बाउन्न हजार रुपैयाँ) भन्दा वढीमा बस्न/लिन इच्छा गरेमा साविकमा भाडामा बसेका र पछि न.पा.द्वारा भाडामा लगाउदा प्राथमिकता दिई व्यवस्थापन गर्ने भनिएका सुमन पण्डितलाई मासिक रु.५२,५००। (अक्षेरुपी बाउन्न हजार पाँच सय रुपैयाँ) तिर्न कवोल गरेमा निजलाई उपलव्ध गराई पुरानो सम्झौता अनुसार व्यवस्थापन गर्ने निर्णय गरियो ।

(ख) सटर नं. १३२ मा कवोल गर्ने इश्वर परियारले न.पा.को धरौटी खातामा रकम जम्मा गरी ७ दिन पछि सम्झौता गरी पाउँ भन्ने निवेदनका सम्बन्धमा बैठकमा छलफल गरियो । निजले समय भित्र सम्पर्क गर्न आउनु पर्नेमा नआएता पनि धरौटी खातामा रकम समेत जम्मा गरी सकेकाले एक पटकका लागि निजलाई सटर नं.१३२ उपलव्ध गराउने निर्णय गरिन्छ ।

(ग) सिद्वार्थ बैकले न.पा. कार्यालयलाई मिति २०७५/०६/४ मा सम्झौता गर्न आउनको लागि केही समय थप गरिदिन भनी प्राप्त पत्रको सम्बन्धमा बैठकमा छलफल भयो । सो पत्रमा उल्लेखित धेरै शर्तहरु मध्ये सम्झौता अवधि १० वर्ष राखिदिन भनी माग भएकोमा पहिलो सम्झौता ५ वर्षको हुने र उक्त बैंकले चाहेमा भाडा दर पुनरावलोकन गरी ५ वर्ष म्याद थप गर्न सकिने उल्लेख गर्ने साथै बैकले माग गरेको ATM राख्न न.पा.ले स्थान उपलव्ध गराउने गरी थप १० दिन समय दिने र सम्झौता गरी भाडामा लगाउने निर्णय गरियो ।

(घ) बोलपत्र नपरेका अन्य सटरहरुको हकमा पुन: १५ दिनको म्याद दिई बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

(ङ) सटर नं.१०९ मा कबोल गर्ने अशोक शाहा तेलीलाई १ हप्ताको सूचना दिई सम्झौता गर्न आउनु भनिएकोमा तोकिएको समय सम्झौता गर्न नआएको हुँदा दोस्रो कवोल गर्ने व्यास नगरपालिका वडा नं.३ बस्ने मनमाया श्रेष्ठलाई कवोल गरेको रकम रु.४०,१५७५० (अक्षेरुपी चालिस हजार एक सय सन्ताउन्न रुपैयाँ पचास पैसा) मा बस्न/लिन इच्छा गरेको हुँदा निज मनमाया श्रेष्ठलाई मासिक रु.४०,१५७५० (अक्षेरुपी चालिस हजार एक सय सन्ताउन्न रुपैयाँ पचास पैसा) तिर्न कवोल गरेमा निजलाई उपलव्ध गराई सम्झौता गर्ने निर्णय गरियो ।

(च) सटर नं.१२४ मा कबोल गर्ने जुनकिरी माया श्रेष्ठलाई १ हप्ताको सूचना दिई सम्झौता गर्न आउनु भनिएकोमा नआएको दोस्रो नम्बरमा कवोल गरेको रकम रु.३०,०००। (अक्षेरुपी तिस हजार रुपैयाँ) भन्दा बढी मा बस्न/लिन इच्छा गरेमा साविकमा भाडामा बसेका र पछि न.पा.द्वारा भाडामा लगाउदा प्राथमिकता दिई व्यवस्थापन गर्ने भनिएका सुवास न्यौपानेलाई मासिक रु.३१,०००। (अक्षेरुपी एकतिस हजार रुपैयाँ) तिर्न कवोल गरेमा निजलाई उपलव्ध गराई पुरानो सम्झौता अनुसार व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** व्यास न.पा. वडा नं.३ का वडाध्यक्ष श्री प्रेमकुमार श्रेष्ठ मुटुको समस्याले गंगालाल हृदय केन्द्रमा उपचारार्थ भर्ना हुनु भएकोमा उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गरिन्छ ।

**निर्णय नं.१५:** व्यास नगरपालिका कार्यालयको सरसफाई शाखामा मिति २०७५/०५/०५ गते देखि नगर क्षेत्रको पृथ्वी राजमार्गको दायाँबायाँ नाला सरसफाई तथा कार्यालयले लाएअह्राएको कार्य गर्न साविक लमजुङ्ग जिल्ला रम्घा गा.वि.स वडा नं.९ हाल मध्य नेपाल नगरपालिका वडा नं.४ बस्ने भरतबहादुर कुमाललाई मासिक पारिश्रमिक रु.१०,०००। ( अक्षेरुपी दश हजार रुपैया) दिने गरी करार सेवामा नियुक्ति गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.१६:** व्यास नगरपालिका कार्यालयको लागि एक जना हलुका सवारी चालक आवश्यकता भएको हुँदा व्यास नगरपालिका वडा नं.९ बस्ने दिनेश गुरुङ्गले मिति २०७५/०५/२७ गते देखि यस कार्यालयमा हलुका सवारी चालकको रुपमा कामकाज गरिदै आएको हुँदा निजलाई मिति २०७५/६/१ देखि लागू हुने गरी पौष मसान्तसम्मका लागि मासिक पारिश्रमिक रु.१८,३४०। (अक्षेरुपी अठार हजार तिन सय चालिस रुपैयाँ) मात्र दिने गरी करार सेवामा नियुक्ति गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.१७:** यस नगरपालिकाका वडा कार्यालयबाट प्रवाह हुने सेवालाई अझ गुणस्तरीय बनाउदै लैजान वडा कार्यालयको जनशक्ति व्यवस्थापनलाई क्रमश: वैज्ञानिक तवरले मिलान गर्दै लैजाने साथै हालसम्म कार्यालय सहयोगी नरहेका वडाहरुमा यस कार्यालयको मौजुदा जनशक्तिबाट आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन मिलाउने र मौजुदा जनशक्तिको व्यवस्थापन गर्दा समेत कार्यालय सहयोगी कर्मचारीहरुको अभाव हुन गएमा हाल वडा कार्यालयहरुमा वडा स्तरबाट नै दैनिक ज्यालादारीमा नियमित रुपमा वडा कार्यालयको सरसफाई लगायत अन्य काममा नियमित रुपमा खटिएका व्यक्तिहरुको कार्य सम्पादन सन्तोषजनक भएमा निजहरुसँग नै सेवा करार सम्बन्धी सम्झौता गरी वडा कार्यालयको कामकाजमा खटाउने भनी मिति २०७५/५/७ गतेको नगर कार्यपालिकाको बैठकबाट निर्णय भएकोमा सो

अनुसार निम्न वडामा तपसिलमा उल्लेखित व्यक्तिहरुलाई कार्यालय सहयोगीको रुपमा मासिक ज्यालादारीमा पारिश्रमिक रु.१०,०००। (दश हजार रुपैयाँ) मात्र दिने गरी करार सेवामा नियुक्ति गर्ने निर्णय गरिन्छ ।

<u>तपशिल</u>

| | |
|---|---|
| १. ईश्वर दरै | व्यास नगरपालिका वडा नं.१ |
| २. भारती थापा | व्यास नगरपालिका वडा नं.३ |
| ३. राममाया राना | व्यास नगरपालिका वडा नं.९ |
| ४. रविना थापा | व्यास नगरपालिका वडा नं.१० |

**<u>निर्णय नं.१८:</u>** व्यास नगरपालिका भित्रका सामुदायिक मा.वि.हरुमा विद्युतीय हाजिरी र एक थान कम्प्यूटर उपलब्ध गराउन न.पा. ले नीति पारित गरी मा.वि.हरुबाट आवश्यक सामाग्रीहरुको माग गरिएकोमा फरक, फरक माग देखिएको हुँदा नियमित हाजिरीलाई अनिवार्य व्यवस्थापन गर्ने र कम्प्यूटर वा फोटोकपी मेशिन वा प्रिन्टर सम्बन्धित मा.वि. ले नै खरिद गरी स्टोर दाखिला गरी वडाको प्रतिवेदन प्राप्त भएपछि विद्यालयलाई भुक्तानी दिने गरी प्रत्येक सामुदायिक मा.वि.लाई रु.५०,०००। (अक्षेरुपी पचास हजार रुपैयाँ) का दरले अनुदान उपलब्ध गराउने निर्णय गरिन्छ ।

**<u>निर्णय नं.१९:</u>** सफासडक मोहडा भएको व्यास नगरपालिकाको व्यवसायिक भवनको पहिलो तलामा व्यवसाय गर्ने व्यास केवुल नेटवर्क प्रा.लि. युनाइटेड केवुल प्रा.लि., ओम डेभलपमेन्ट बैंकले भाडामा लिएको पसल कबल तथा कोठाहरु व्यास न.पा. कार्यालयको कार्यालय विस्तार गर्नुपर्ने भएकोले एक वर्षलाई मात्र (२०७६ असार मसान्तसम्म) तपसिलमा उल्लेखित पसल कवलमा वसी व्यवसाय गर्ने सम्बन्धित व्यक्तिहरुलाई नै निम्नानुसारको भाडादर तिर्न कवोल गरेमा निजहरुलाई उपलब्ध गराई सम्झौता गर्ने निर्णय गरियो ।

**तपशिल:**

| व्यवसाय गर्नेको नाम | मासिक भाडा दर |
|---|---|
| व्यास केवुल नेटवर्क प्रा.लि. | रु.४०,०००।०० |
| शंकरनारायण श्रेष्ठ | रु.२५,०००।०० |
| ओम डेभलपमेन्ट बैंक लि. | रु.४५,०००।०० |

**<u>निर्णय नं.२०:</u>** व्यास नगरपालिकाको बहुउद्देश्यीय भवनका पसल कवलहरुको भाडामा लगाउने सम्बन्धमा मिति २०७५/०५/१८ गते विभिन्न पत्रपत्रिकामा सूचना प्रकाशन गरी ठेक्का आव्हान गर्दा पहिलो तलामा रहेको कोठा नं. २०१, २०२ र २०३ मध्ये कोठा नं. २०१ मा एक मात्र श्री सिद्धार्थ बैंक लिमिटेड, दमौली शाखाले गोप्य सिलबन्दी बोलपत्र दर्ता गराई कवोल गरेको अंक रु.९८,१००।-(०.१०% बढी) स्वीकृत भएकोमा उक्त बैंकले सोही तलामा ठेक्कामा नलागी बांकी रहेको कोठा नं.२०२ भाडामा न्यूनतम ठेक्का रकममा लिनका लागि मिति २०७५/०६/०५ गते उक्त बैंकबाट पत्र प्राप्त हुन आएकोले उक्त माग भएको कोठा नं.२०२ क्षेत्रफल २८५३.६६ व.फि. कार्यालयले तोकेको न्यूनतम अंक रु.१,४२,०००।- मा रु.१,४२,५००।०० (०.३५% बढी) हुने गरी सुरुमा कवोल गरेको कोठा नं.२०१ छोडी कोठा नं.२०२ को उल्लेखित मासिक भाडा दर कायम गराई धरौटी रकम समेत सोही अनुसार जम्मा गराई सम्झौता गराई भाडामा दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२१</u>**: व्यास नगरपालिका वडा नं ६ मा लागत सहभागिताबाट खर्च हुने गरी विनियोजित रु.५० लाखको योजना मध्येबाट रु.१२,००,०००। (अक्षेरुपी बाह्र लाख रुपैयाँ) मध्ये रु.१०,००,०००। (अक्षेरुपी दश लाख रुपैयाँ) न.पा. कोष र २,००,०००। (अक्षेरुपी दुई लाख रुपैयाँ) लागत सहभागीता रहने गरी व्यास ६ स्थित वाह्रविसेबाट देउराली हुँदै मादिवेशी सम्मको बाटो स्तरीकरणका लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२२:</u>** व्यास नगरपालिका वडा नं.३ स्थित व्यास पराशर पार्कको गुरुयोजना सहित विस्तृत लागत योजना कार्यक्रम निर्माण गरी गण्डकी प्रदेश सरकारसँग पेश गर्नुपर्ने हुँदा GEO Concern Nepal PVT. LTD. काठमाण्डौंलाई रु.३,५०,०००। (अक्षेरुपी तिन लाख रुपैयाँ) (भ्याट वाहेक) परामर्श सेवा शुल्क भुक्तानी गरी बढीमा २ दुई महिना भित्र अन्तिम प्रतिवेदन माग गर्ने निर्णय गरिन्छ ।